स्थिति सूचक

नेपाल मानव अधिकार वर्ष पुस्तकको त्रैमासिक प्रकाशन

वर्ष १२, अङ्क १

(२०७९ पुस १७ गतेदेखि २०७९ चैत १७ गतेसम्म)


# गण्डकी प्रदेशको मानव अधिकार अवस्था विश्लेषण

सन् २०२३ को पहिलो त्रैमासिक (जनवरी देखि मार्चसम्म) मा गण्डकी प्रदेशमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा १ सय २५ जना पीडित भएको इन्सेकमा अभिलेख भयो। अभिलेखित घटना अनुसार अन्यपक्षबाट १४ पुरुष र १ सय ११ जना महिला गरी १ सय २५ जना पीडित भए। त्यसैगरी पाँच महिला र दुई पुरुष गरी सात जनाको हत्या भयो। यस अवधिमा सबैभन्दा बढी महिलाविरुद्ध हुने हिंसाका घटनामा ७७ जना महिला पीडित भए । सबै प्रकारका जातिय विभेदका घटनाबाट एक महिला र तीन पुरुष गरी चार जना पीडित भए। अन्यपक्षबाट कुटपिटका घटनामा तीन र अमानवीय व्यवहारका जना पीडित भए।

गण्डकी प्रदेशमा बालबालिकाविरूद्ध भएका हिंसाका घटनामा ३० जना बालबालिका पीडित भए । जस्मा बलात्कार घटनाबाट १६ बालिका र यौन दुर्व्यवहार घटनाबाट १० बालिका र एक जना बालक पीडित भए । त्यसैगरी विद्यालयमा दिइएको शारीरिक दण्ड सजायबाट एक बालिका र एक जना बालक पीडित भए। दुई जना बालकहरू जङ्गलमा खेल्न जाँदा बेवारिसे बम भेट्टाएर खेलाउदा विस्फोट भई घाइते भए।

गण्डकी प्रदेसमा महिला हिंसा तथा दुर्व्यवहारका घटनामा ७७ जना महिला पीडित भए । जस्मा बलात्कार घटनामा ६, यौन दुर्व्यवहार घटनामा एक जना पीडित भए। त्यसैगरी घरेलु हिंसाबाट ७० जना महिला पीडित भए । महिलाविरूद्धको हिंसामा घरेलु तथा पारिवारिक हिंसा प्रमुख छन्। घरपरिवारसँगै नजिकका आफन्त तथा चिनजानका व्यक्तिबाट महिला तथा बालबालिकाको हत्या, बलात्कार, बलात्कार प्रयास, शिक्षकबाट यौन दुर्व्यवहार जस्ता घटना भएको इन्सेकमा अभिलेख छ। नागरिकहरू जातिय विभेद, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारबाट वञ्चित भए। साथै यस त्रैमासिकमा

गण्डकी प्रदेशमा जातिय विभेदका घटना विगतका तुलनामा बढेको पाइन्छ। सरोकारवाला निकायका व्यक्तिबाटै जातिय विभेद भएको घटनाहरू यस अवधिमा सार्वजनिक भएका छन्।

इन्सेक गण्डकी प्रदेशले हरेक तीन/तीनमहिनामा समग्र मानव अधिकारको अवस्थालाई विश्लेषण गर्दै मानव अधिकार स्थितिसूचक प्रकाशन गर्दै आएको छ। यहाँको आवश्यक सल्लाह, सुझाव र प्रतिक्रियाको हामी अपेक्षा गर्दछौँ।

**शिव खकुरेल**
प्रदेश संयोजक

## घटनाका प्रकार अनुसार पीडित सङ्ख्या
(जनवरी–मार्च २०२३)

| | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| घाइते | | | | | २ | २ | २ |
| कुटपिट | | | | | ३ | ३ | ३ |
| बाल अधिकार | | | | २८ | २ | ३० | ३० |
| अमानवीय व्यवहार | | | | | २ | २ | २ |
| हत्या | | | | ५ | २ | ७ | ७ |
| जातीय विभेद | | | | १ | ३ | ४ | ४ |
| महिला अधिकार | | | | ७७ | | ७७ | ७७ |
| जम्मा | | | | १११ | १४ | १२५ | १२५ |

# गण्डकी प्रदेशको मानव अधिकार अवस्था : तीन महिनाका प्रतिनिधिमूलक घटना

## (२०७९ पुस १७ गतेदेखि २०७९ चैत १७ गतेसम्म)

### बम विष्फोटबाट घाइते

**कास्की**

पोखरा महानगरपालिका-३३ ठूलढुङ्गा घर भई कक्षा ८ मा अध्ययनरत १५ वर्षीय माइकल चौधरी र कक्षा ५ मा अध्ययनरत १३ वर्षीय सविन तामाङ २०७९ फागुन ९ गते वनमा भेट्टाएर ल्याएको विस्फोटक पदार्थ घरमा लगेर खेलाउँदा विस्फोट भई घाइते भए। घाइतेहरूको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, रामघाटमा उपचार भयो।

### बाल अधिकार

### विद्यालयमा शारीरिक दण्ड सजाय

**तनहुँ**


घिरिङ गाउँपालिका-३ को चन्द्रज्योति माध्यामिक विद्यालय कक्षा १० मा अध्ययनरत १६ वर्षीया बालिकालाई २०७९ माघ ८ गते सोही विद्यालयका प्रधानाध्यापक ४५ वर्षीय प्रेमबहादुर थापाले कुटपिट गरी घाइते बनाए। प्रहरीले आरोपित प्रधानाध्यापक थापालाई माघ ९ गते गिरफ्तार गर्‍यो। एसइई परीक्षाको तयारीको क्रममा गणित विषयको सिकाई परीक्षामा कम अङ्क प्राप्त गरेको भन्दै प्रअ थापाले लौरोले पछाडीको भागमा हान्दा छात्रा आले घाइते भएकी हुन्। कुटपिटबाट घाईते भएकी बालिकाको माघ ९ गते शुक्लागन्डकी नगरपालिका स्थित जिपि कोईराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्रमा उपचार भयो। बालिकालाई ठुलो चोट लागेकोमा आफूलाई दु:ख लागेको भन्दै थापाले उक्त घटनामा गल्ती स्विकार्दै पीडित विद्यार्थी र अभिभावसँग माफी मागे। प्रहरीले आरोपित थापालाई माघ ९ गते गिरफ्तार गरेकोमा कुनै उजुरी नपरेपछि माघ १० गते रिहा गरेको जनायो। उक्त घटनाको बारेमा थप कारवाही भएन।

### बलात्कार, यौन दुर्व्यवहार

**गोरखा**

१२ वर्षीया बालिकालाई २०७९ पुस ३० गते र माघ २० गते बलात्कार गरेको भन्दै सिरानचोक गाउँपालिका-४ आरूवोटका ६० वर्षीय रमेश पोखरेलविरूद्ध पीडितका आफन्तले माघ २६ गते जिल्ला प्रहरी कार्यालय गोरखामा मौखिक र माघ २७ गते लिखित लिखित उजुरी दिए। प्रहरीले आरोपितलाई माघ २६ गते उनकै घर बाट गिरफ्तार गर्‍यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ २७ गते गोरखा अस्पतालमा भयो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् माघ २६ गते जिल्ला अदालतमा बलात्कार शिर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको फागुन १९ गतेको आदेशले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो।

१५ वर्षीया बालिकालाई २०७९ फागुन १ गते बलात्कार गरेको भन्दै अजिरकोट गाउँपालिका-४ साउनेपानी काडाझ्यालका ३४ वर्षीय विश्वास नेपालीविरूद्ध पीडितका आफन्तले फागुन २ गते जिल्ला



प्रहरी कार्यालयमा लिखित उजुरी दिए। आरोतिलाई प्रहरीले फागुन २ गते घर नजिकै बाट गिरफ्तार गर्‍यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन २ गते गोरखा अस्पतालमा भयो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन ३ गते जिल्ला अदालतमा बलात्कार शिर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको फागुन २५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**म्याग्दी**

१० वर्षीया बालिकालाई २०७९ फागुन ५ गते यौन दुर्व्यवहार गरेको आरोपमा मंगला गाउँपालिका- ५ शिर्कुमका २० वर्षीय ओमे भन्ने राज थापाविरूद्ध पीडित पक्षले फागुन १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई फागुन १० गते अर्मनबाट गिरफ्तार गर्‍यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन १० गते बेनी अस्पतालमा भयो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् चैत ३ गते जिल्ला अदालतमा बाल यौन दुर्व्यवहार कसुरमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको चैत ३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१४ वर्षीया बालिकालाई २०७९ फागुन ६ गते यौन दुर्व्यवहार गरेको भन्दै धौलागिरी गाउँपालिका- ६ मराङमा मजदुरी गर्ने २४ वर्षीय झमबहादुर श्रीषविरूद्ध पीडित पक्षले ०७९ फागुन ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले फागुन ७ गते उनकै घरबाट गिरफ्तार गर्‍यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन ७ गते बेनी अस्पतालमा भयो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन १७ गते जिल्ला अदालतमा बाल यौन दुर्व्यवहार कसुरमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको फागुन १७ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**कास्की**

१५ वर्षीया बालिकालाई २०७९ फागुन २१ गते यौन दुर्व्यवहार गरेको भन्दै गोरखा जिल्ला पालुङटार नगरपालिका - ६ का ४० वर्षीय नरमान तामाङ विरूद्ध पीडित परिवारले फागुन २२ गते कास्की जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई वडा प्रहरी कार्यालय बैदामबाट खटिएको प्रहरीले फागुन २१ गते पोखरा-५ मालेपाटनबाट गिरफ्तार गर्‍यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन २१ गते पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। प्रहरीले आरोपित विरूद्ध जिल्ला सरकारी वकील कार्यालय मार्फत फागुन २७ गते बाल यौन दुर्व्यवहार अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गरेर सोही दिन पुर्पक्षका लागि करार पठायो।

१४ वर्षीया बालिकालाई २०७९ चैत १ गते यौन दुर्व्यवहार गरेको भन्दै १५ वर्षीय बालक विरूद्ध पीडित पक्षले चैत ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई चैत ५ गते पोखरा-१७ बाट गिरफ्तार गर्‍यो। बालिकाले आफूमाथि यौन दुर्व्यवहार भएको भन्दै ३ गते सामाजिक सञ्जालमार्फत घटना सार्वजनिक गरेकी थिइन्। पीडित बालिकाको स्वास्थ्य परीक्षण चैत ५ गते पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा स्वास्थ्य परीक्षण भयो। आरोपित बालकका बिषयमा अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालय कास्कीका डीएसपी श्रवणकुमार वि.क.ले बताए।

**लमजुङ**

९ वर्षीया बालिकालाई २०७९ फागुन ९ गते यौन दुर्व्यवहार गरेको भन्दै राइनास नगरपालिका- १० का ३५ वर्षीय भक्तबहादुर गुरुङविरूद्ध पीडित पक्षले फागुन १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन १० गते आफ्नै घरबाट गिरफ्तार गर्‍यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन १० गते लमजुङ अस्पतालमा भयो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा बाल यौन दुर्व्यवहार अर्न्तगत फागुन १२ गते मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको चैत १ गतेको आदेशले आरोपितलाई ४५ हजार रुपियाँ धरौटिमा रिहा गर्ने आदेश दिएकोमा तोकिएको धरौटी रकम बुझाएर रिहा भए।

१२ वर्षीया बालिकालाई २०७९ फागुन १३ गते यौन दुर्व्यवहार गरेको आरोपमा सुन्दरबजार नगरपालिका- ८ का ५१ वर्षीय काले गुरुङविरूद्ध पीडित पक्षले फागुन १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई फागुन १४ गते उनकै घरबाट गिरफ्तार गर्‍यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन १४ गते लमजुङ अस्पताल लमजुङमा भयो।

आरोपित गुरुङलाई फागुन १५ गते ६ दिनको

म्याद थपगरि अनुसन्धान भइरहेकामा सरकारी वकिल कार्यालय मार्फत फागुन २९ गते जिल्ला अदालतमा बाल यौन दुर्व्यवहार अभियोगमा मुद्दा दर्ता भयो। आरोपित चैत २ गते ३० हजार रुपियाँ जिल्ला अदालतमा धरौटि बुझाइ छुटेका छन्।

**तनहुँ**

१६ वर्षीया बालिकालाई २०७९ माघ ८ गते यौन दुर्व्यवहार गरेको आरोपमा घिरिङ गाउँपालिका-३ स्थित चन्द्रज्योती माविका प्रधानाध्यापक ४६ वर्षीय प्रेमबहादुर थापाविरूद्ध पीडितको अभिभावकले फागुन १८ गते प्रहरी चौकी घिरिङमा उजुरी दिए । प्रहरीले आरोपितलाई ०७९ फागुन १८ गते घरबाट गिरफ्तार गर्‍यो । पीडितको माघ १९ गते प्राथमिक स्वास्थ्य केन्द्र भिमादमा स्वास्थ्य परीक्षण भयो । प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा फागुन २५ गते बाल यौन दुर्व्यवहार अभियोगमा मुद्दा दर्ता गर्‍यो । जिल्ला अदालतको फागुन २७ गतेको आदेशले आरोपितलाई ५० हजार रुपियाँ धरौटी लिई तारेखमा रिहा गर्ने आदेश दियो । यस अघि ट्युसन पढाउने क्रममा उनै थापाले माघ ८ गते १६ वर्षीया छात्रालाई कुटपिट गरि घाइते बनाएका थिए । पीडितको शुक्लागण्डकी नगरपालिका स्थित जिपि कोईराला राष्ट्रिय स्वाश्वप्रश्वास उपचार केन्द्रमा उपचार भयो । सो घटनामा प्रहरीले आरोपित प्रअ थापालाई माघ ९ गते हिरासतमा लिई कुनै उजुरी नपरेको भन्दै माघ १० गते रिहा गरेको थियो ।

**नवलपरासी पूर्व**

११ वर्षीया बालिकालाई २०७९ माघ ११ गते बलात्कार गरेको भन्दै ३१ वर्षीय बुबाविरूद्ध बालिकाकी आमाले फागुन ९ गते इलाका प्रहरी कार्यालय दुम्कीबासमा मौखिक र फागुन १० गते जिल्ला प्रहरी कार्यालय नवलपरासी पूर्वमा लिखित उजुरी दिइन्। आरोपितलाई प्रहरीले विनयी त्रिवेणी गाउँपालिकाबाट फागुन ९ गते गिरफ्तार गर्‍यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन ९ गते मध्यविन्दु जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् चैत ३ गते जिल्ला अदालतमा बलात्कार कसुरमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको चैत ५ गते आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१७ वर्षीया बालिकालाई २०७९ फागुन १४ गते बलात्कार गरेको भन्दै गैडाकोट नगरपालिका- १५ बस्ने ३० वर्षीय  सागर सापकोटाविरूद्ध पीडित पक्षले फागुन १५ गते ईलाका प्रहरी कार्यालय गैंडाकोटमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन १५ गते उनकै घरबाट गिरफ्तार गर्‍यो। बालिकाको स्वास्थ्य परीक्षण फागुन १५ गते भरतपुर अस्पताल चितवनमा भयो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् चैत ७ गते जिल्ला अदालतमा बलात्कार कसुरमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतले चैत ९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१७ वर्षीया बालिकालाई २०७९ फागुन २२ गते यौन दुर्व्यवहार गरेको भन्दै भारत विहार राज्य मोतिहारी जिल्ला नहर चोक गमरिया गाउँ घर भई हाल नवलपरासी (पूर्व) गैडाकोट नगरपालिका- १६ बस्ने २२ वर्षीय दिनेश कुमार गुप्ताविरूद्ध पीडित पक्षले फागुन २२ गते ईलाका प्रहरी कार्यालय गैंडाकोटमा मौखिक र फागुन २५ गते लिखित उजुरी दिए। प्रहरीले मौखिक उजुरीका आधारमा फागुन २४ गते गुप्तालाई उनकै घरबाट गिरफ्तार गर्‍यो। बालिकाको स्वास्थ्य परीक्षण फागुन २४ गते भरतपुर जिल्ला अस्पताल चितवनमा भयो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् चैत १७ गते जिल्ला अदालतमा बाल यौन दुर्व्यवहार कसुरमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको चैत १९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**स्याङ्जा**

१५ वर्षीया बालिकालाई २०७९ माघ ९ गते बलात्कार गरेको भन्दै हरिनास गाउँपालिका- ७ का २४ वर्षीय रेशम क्षेत्रीविरूद्ध पीडित पक्षले माघ ११ गते वडा प्रहरी कार्यालय वालिडमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ ११ गते उनकै घरबाट गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण माघ ११ गते वालिङ् अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन ५ गते जिल्ला अदालतमा बलात्कार कसुरमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको फागुन ५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१३ वर्षीया बालिकालाई २०७९ माघ १ गते

बलात्कार गरेको भन्दै वालिङ् नगरपालिका- १ का १९ वर्षीय बिसाल खाँणविरूद्ध पीडित पक्षले माघ ३ गते वडा प्रहरी कार्यालय वालिडमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ ३ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ ३ गते बालिङ् अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् माघ २९ गते जिल्ला अदालतमा बलात्कार कसुरमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ २९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाइयो।

१७ वर्षीया बालिकालाई २०७९ माघ १६ गते बलात्कार गरेको भन्दै भिरकोट नगरपालिका- ७ का २५ वर्षीय कपिलबहादुर सार्की विरूद्ध पीडित पक्षले माघ १९ गते वडा प्रहरी कार्यालय वालिडमा उजुरी दिए। आरोपितलाई प्रहरीले माघ १९ गते उनकै घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ १९ गते वालिङ्ग अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन १५ गते जिल्ला अदालतमा बलात्कार कसुरमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन १५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१६ वर्षीया बालिकालाई २०७९ माघ २० गते बलात्कार गरेको भन्दै भिरकोट नगरपालिका- ५ का १९ वर्षीय सुजिप परियारविरूद्ध पीडित पक्षले माघ २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले ०७९ माघ २२ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २२ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन १६ गते जिल्ला अदालतमा बलात्कार कसुरमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन १६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

३ वर्षीया बालिकालाई २०७९ माघ २१ गते बलात्कार गरेको भन्दै २५ वर्षीय काकाविरूद्ध पीडित पक्षले माघ २२ गते जिल्ला प्रहरी कार्यालय स्याङ्जामा उजुरी दिए। आरोपितलाई प्रहरीले माघ २२ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण २२ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन १८ गते जिल्ला अदालतमा बलात्कार कसुरमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन १८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**पर्वत**

१३ वर्षीया बालिकालाई २०७९ माघ २७ गते यौन दुर्व्यवहार गरेको आरोपमा फलेवास नगरपालिका- ९ भंगराका ४८ वर्षीय दलबहादुर सुनारविरूद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा माघ २७ गते मौखिक र माघ २८ गते लिखित उजुरी दिए। आरोपितलाई प्रहरीले माघ २८ गते उनकै घरबाट गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ २८ गते पर्वत अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतको फागुन ९ गते बलात्कार कसुरमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन ९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

११ वर्षीया बालिकालाई २०७९ फागुन २१ गते बलात्कार गरेको आरोपमा गोरखा जिलला अजिरकोट गाउँपालिका- ५ बस्ने २९ वर्षीय दिपेन्द्र विकविरूद्ध पीडित पक्षले फागुन २१ गते जिल्ला प्रहरी कार्यालयमा मौखिक र फागुन २२ गते लिखित उजुरी दिए। आरोपितलाई प्रहरीले फागुन २२ गते उनकै घरबाट गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन २१ गते पर्वत अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा चैत २ गते बलात्कार कसुरमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत २ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**बागलुङ**

९ वर्षीय बालकलाई २०७९ माघ ५ गते यौन दुर्व्यवहार गरेको भन्दै पर्सा जिल्ला विरगञ्ज उपमहानगरपालिका-३ जगरनार्थका ४१ वर्षीय मोती महतो भन्ने ललभु महतोविरूद्ध पीडित पक्षले माघ ६ गते जिल्ला प्रहरी कार्यालय बागलुङमा लिखित उजुरी दियो। प्रहरीले आरोपितलाई माघ ५ गते मौखिक उजुरीको आधारमा गलकोट नगरपालिकाबाट गिरफ्तार गऱ्यो। पीडित बालकको स्वास्थ्य परीक्षण माघ ५ गते धौलागिरी अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला अदालतमा फागुन २ गते बाल यौन दुर्व्यवहार शिर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालत बागलुङको फागुन २

गतेको आदेशले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो।

१५ वर्षीया बालिकालाई २०७९ माघ ६ गते बलात्कार गरेको भन्दै ३३ वर्षीय बाबुविरूद्ध पीडितकी आमाले माघ ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई माघ ६ गते बुटवलबाट गिरफ्तार गर्‍यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ ६ गते धौलागिरी अस्पताल बागलुङमा भयो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा माघ २६ गते बलात्कार शिर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको माघ २७ गतेको आदेशले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो।

१३ वर्षीया बालिकालाई २०७९ माघ ९ गते बलात्कार गरेको भन्दै पाँचथर जिल्ला फल्गुनन्द गाउँपालिका-६ का २६ वर्षीय सन्तोष आङ्देम्बेलविरूद्ध पीडित पक्षले माघ ९ गते जिल्ला प्रहरी कार्यालय बागलुङमा लिखित उजुरी दियो। प्रहरीले आरोपितलाई माघ १० गते निसीखोलाबाट गिरफ्तार गर्‍यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ ८ गते धौलागिरी अस्पताल बागलुङमा भयो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय माफृत् जिल्ला अदालतमा फागुन ३ गते बलात्कार शिर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको फागुन ३ गतेको आदेशले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो।

१५ वर्षीया बालिकालाई २०७९ माघ ४ गते बलात्कार गरेको भन्दै ढोरपाटन नगरपालिका-७ का २१ वर्षीय आयूष विकविरूद्ध पीडित पक्षले माघ १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई माघ ११ गते बुर्तिवाङबाट गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण माघ १३ गते धौलागिरी अस्पतालमा भयो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा फागुन ८ गते बलात्कार शिर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको फागुन १० गतेको आदेशले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो।

१७ वर्षीया बालिकालाई २०७९ माघ ४ गते बलात्कार गरेको भन्दै ढोरपाटन नगरपालिका-७ का २१ वर्षीय जीवन विक विरूद्ध पीडित पक्षले माघ १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई माघ ११ गते बुर्तिवाङबाट गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण माघ १३ गते धौलागिरी अस्पतालमा भयो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा फागुन ८ गते बलात्कार शिर्षकमा मुद्दा दर्ता गर्‍यो  जिल्ला अदालतको फागुन १० गतेको आदेशले आरोपितलार्य पुर्पक्षको लागि थुनामा पठायो।

९ वर्षीया बालिकालाई २०७९ माघ १९ गते यौन दुर्व्यवहार गरेको भन्दै गलकोट नगरपालिका- ११ मजुवाका ५८ वर्षीय डिलबहादुर सार्कीविरूद्ध पीडित पक्षले माघ २४ गते जिल्ला प्रहरी कार्यालय बागलुङमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ २४ गते गलकोटबाट गिरफ्तार गर्‍यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ २४ गते धौलागिरी अस्पतालमा भयो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा फागुन २१ गते बाल यौन दुर्व्यवहार शिर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको फागुन २३ गतेको आदेशले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो।

१५ वर्षीया बालिकालाई २०७९ माघ ९ गते बलात्कार गरेको भन्दै निसीखोला गाउँपालिका- ६ का २६ वर्षीय राजकुमार बुढाविरूद्ध पीडित पक्षले माघ २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ २६ गते धौलागिरी अस्पतालमा भयो। घटनापछि आरोपित फरार रहेकोले खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी गंगाबहादुर थापाले बताए।

५ वर्षीया बालिकालाई २०७९ माघ २३ गते बलात्कार गरेको भन्दै १३ वर्षीय बालकविरूद्ध पीडित पक्षले माघ २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले बालकलाई माघ २४ गते जैमिनीबाट गिरफ्तार गर्‍यो। बालिकाको स्वास्थ्य परीक्षण माघ २४ गते धौलागिरी अस्पतालमा भयो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा फागुन १६ गते बलात्कार शिर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको फागुन १८ गतेको आदशले आरोपित बालकलाई बाल सुधार गृह सारङकोट पोखरामा पठायो।

१४ वर्षीया बालिकालाई २०७९ फागुन २४ गते बलात्कार गरेको भन्दै गलकोट नगरपालिका- ८ मल्मका २१ वर्षीय विपिन थापाविरूद्ध पीडित पक्षले फागुन २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले अरोपितलाई फागुन २८ गते उनकै घरबाट गिरफ्तार गर्‍यो । पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन २५ गते धौलागिरी

अस्पतालमा भयो। प्रहरीले आरोपितविरूद्ध जिल्ला अदालत बागलुङमा चैत १६ गते बलात्कार शिर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत १६ गतेको आदेशले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो।

## हत्या

### बागलुङ

१८ महिने बालिकाको २०७९ फागुन १७ गते हत्या गरेको आरोपमा बागलुङ नगरपालिका-१२ अमलाचौर घर भई जैमिनी नगरपालिका-४ सर्कुवा बस्दै आएका २७ वर्षीय बुवा सायरदिन मिया विरूद्ध बालिकाकी आमाले फागुन १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपित मियालाई प्रहरीले फागुन १७ गते घटनास्थलबाटै गिरफ्तार गऱ्यो। शवको फागुन १८ गते धौलागिरी अस्पताल बागलुङमा पोष्टमार्टम गरि सोही दिन आमालाई जिम्मा लगाइयो। शवको सदगत् बागलुङ नगरपालिका-१ स्थित निर्णयघाट जङ्गलमा भयो। प्रहरीले आरोपित विरूद्ध जिल्ला अदालत बागलुङमा चैत १० गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत १२ गतेको आदेशले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो। आरोपित मियाले फागुन १७ गते मादक पदार्थ तथा लागु औषध सेवन गरी पत्निलाई कुटपिट गरी लखेटेर त्यही रिसमा बालिकाको हत्या गरेको प्रारम्भिक रिपोर्टबाट खुलेको बागलुङका डिएसपी गंगाबहादुर थापाले बताए।

## महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

### तनहुँ

७३ वर्षीया महिलालाई २०७९ पुस २१ गते राती बलात्कार गरेको आरोपमा छोरा २४ वर्षीय छोराविरूद्ध पीडितले पुस २२ गते इलाका प्रहरी कार्यालय नारेश्वरटारमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले पुस २२ गते बिहान उनकै घरबाट गिरफ्तार गऱ्यो। राती घरमा सुतिरहेको अवस्थामा आरोपितले आमालाई बलात्कार गरेको भन्दै स्थानीय बासिन्दाले इलाका प्रहरी कार्यालयलाई खबर गरेपछि आरोपितलाई गिरफ्तार गरिएको थियो। पीडितको स्वास्थ्य परीक्षण पुस २२ गते दमौली अस्पताल भएको इलाका प्रहरी कार्यालय नारेश्वटारका इन्स्पेक्टर रमेश बिष्टले बताए। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् बलात्कारको कसुरमा माघ १० गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ १६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। अभिलेख २

२४ वर्षीया महिलालाई २०७९ फागुन ४ गते बलात्कार गरेको आरोपमा शुक्लागण्डकी नगरपालिका-३ का ३९ वर्षीय सुभास कार्कीविरूद्ध पीडित पक्षले फागुन ४ गते इलाका प्रहरी कार्यालय बेलचौतारामा उजुरी दियो। प्रहरीले कार्कीलाई फागुन ७ गते घर नजिकैबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ परीक्षण फागुन ४ गते जिपि कोईराला राष्ट्रिय श्वास प्रश्वास अस्पताल बेलचौ तारामा भयो। आरोपित विरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत बलात्कारको कसुरमा फागुन २५ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन २७ गतेको आदेशले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो। अभिलेख १६

### नवलपरासी पूर्व

५७ वर्षीया महिलालाई २०७९ माघ २६ गते बलात्कार गरेको भन्दै मध्यविन्दु नगरपालिका- ९ बस्ने सन्तबहादुर कुमालविरूद्ध पीडित पक्षले माघ २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपित कुमाललाई माघ २८ गते उनकै घरबाट गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण माघ २७ गते मध्यविन्दु जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन २६ गते जिल्ला अदालतमा बलात्कार कसुरमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले फागुन २८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

### स्याङ्जा

५२ वर्षीया महिलालाई २०७९ फागुन २५ गते बलात्कार गरेको भन्दै पुतलीबजार नगरपालिका- १४ का ५५ वर्षीय ज्ञान शर्मा पोखरेलविरूद्ध पीडित पक्षले फागुन २८ गते जिल्ला प्रहरी कार्यालय स्याङ्जामा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन २८ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २८ गते जिल्ला अस्पतालमा भयो। आरोपितलाई हालसम्म म्याद थप गरी हिरासतबाटै थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी रविन्द्र खनालले बताए।

१९ वर्षीया महिलालाई २०७९ फागुन २५ गते दुर्व्यवहार गरेको भन्दै अर्जुनचौपारी गाउँपालिका- ६ का २७ वर्षीय राजकुमार विकविरुद्ध पीडितले फागुन २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन। प्रहरीले आरोपितलाई फागुन २७ गते उनकै घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २६ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई हालसम्म म्याद थप गरी हिरासतबाटै अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी रविन्द्र खनालले बताए।

**बागलुङ**

५० वर्षीया महिलालाई २०७९ पुस १८ गते बलात्कार गरेको भन्दै गलकोट नगरपालिका-२ नरेठाटीका २८ वर्षीय नरबहादुर क्षेत्रीविरूद्ध पीडित पक्षले ०७९ पुस २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण पुस २२ गते धौलागिरी अस्पतालमा भयो। घटनापश्चात् आरोपित फरार रहेकोले खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी गंगाबहादुर थापाले बताए।

## पारिवारिक हत्या

**तनहुँ**

बन्दिपुर गाउँपालिका-३ शेराटारकी ८४ वर्षीया माया सार्कीको २०७९ फागुन १ गते बिहान हत्या गरेको आरोपमा छोरा ४७ वर्षीय राजकुमार सार्की र बुहारी ३५ वर्षीया सुशीला मजाकोटीविरूद्ध मृतककी छोरीले ०७९ फागुन २ गते जिल्ला प्रहरी कार्यालय तनहुँमा उजुरी दिइन्। आरोपितहरूलाई प्रहरीले फागुन १ गते घरबाटै गिरफ्तार गऱ्यो। फागुन १ गते बिहान ५ बजेको समयमा माया सार्कीको अनुहारको भागमा घाउचोट समेत भई आगोमा जलेको अवस्थामा स्थानीय बासिन्दाहरूले देखी प्रहरीलाई खबर गरेका थिए। लामो समयदेखि प्यारालाइसिसको समस्याबाट ग्रसित आमालाई स्याहार सुसार गर्नुपर्ने हुँदा त्यही झन्झटले हत्या गरेको हुनसक्ने स्थानीयले अनुमान गरेको डिएसपी मोहनबहादुर खाँडले बताए। शवको पोष्टमार्टम दमौली अस्पतालमा फागुन १ गते भयो। पोष्टमार्टम पछि शव मृतकका आफन्तले बुझी दमौलीमा सद्गत गरे। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत फागुन २३ गते जिल्ला अदालतमा कर्तव्य गरि ज्यान मारेको कसुरमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन २५ गतेको आदेशले आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा पठायो।

### महिलाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (जनवरी–मार्च २०२३)

| | |
|---|---|
| बलात्कार | ६ |
| घरेलु हिंसा | ७० |
| यौन दुर्व्यवहार | १ |
| जम्मा | ७७ |

**बागलुङ**

निसीखोला गाउँपालिका- ६ रोवाङकी ३० वर्षीया मिना घर्तीलाई २०७९ पुस १७ गते टाउकोमा लाठी प्रहार गरी हत्या गरेको भन्दै पति ३३ वर्षीय धनबहादुर घर्तीविरूद्ध मृतकका भाई निसीखोला गाउँपालिका- ३ याङम्याङका लोकेन्द्र घर्तीले पुस २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। शवको पुस २० गते बुर्तिवाङ प्राथमिक स्वास्थ्य केन्द्रमा पोष्मार्टम गरी आफन्तको जिम्मा लगाइयो। शवको सद्गत बागलुङको निसिखोलामा भयो। घटनापश्चात् आरोपित फरार रहेकोले खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी गंगाबहादुर थापाले बताए। हत्या हुनुभन्दा पहिला पति पत्नि बिच पटक पटक घरायसी कुरामा विवाद भई आरोपितले पत्निलाई कुटपिट गर्ने गरेको र पुस १७ गते पनि घरायसी कुरामा विवाद हुदाँ कुटपिट गरि हत्या गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी गंगाबहादुर थापाले बताए।

जैमिनी नगरपालिका-२ बनौकी ३५ वर्षीया राधा नेपालीलाई २०७९ फागुन १८ गते कोदालोले टाउकोमा प्रहार गरी हत्या गरेको भन्दै पति ४५ वर्षीय केशव नेपालीविरूद्ध माइती पक्षले फागुन १८ गते जिल्ला प्रहरी

कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले फागुन १८ गते घटनास्थलबाटै गिरफ्तार गऱ्यो। शवको फागुन १९ गते धौलागिरी अस्पतालमा पोष्टमार्टम गरी सोही दिन आफन्तको जिम्मा लगाइयो। शवको फागुन १९ गते कालिगण्डकी नदी किनारमा सद्गत गरियो। प्रहरीले आरोपित विरूद्ध जिल्ला अदालत बागलुङमा फागुन २६ गते कर्तव्य ज्यान शिर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन २७ गतेको आदेशले आरोपितलाई पुर्पक्षको लागि पठायो। फागुन १८ गते घर नजिकै आलु खन्न गएकी राधालाई पति केशवले घरायसी विवादका क्रममा कोदालाले टाउकोमा हानी हत्या गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी गंगाबहादुर थापाले बताए।

## सबै प्रकारका जातीय विभेद

### कास्की

पोखरा महानगरपालिका- २४ का वडा सदस्य ३६ वर्षीया मैया नेपालीलाई २०७९ पुस १८ गते बजेट लक्षित भेलामा अपशब्द प्रयोग गरी गाली गलौज गरेको भन्दै वडाध्यक्ष ४५ वर्षीय भरतबहादुर अधिकारी विरूद्ध पीडितले पुस २४ गते जिल्ला प्रहरी कार्यालय कास्कीमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले पुस २६ गते घरबाट गिरफ्तार गऱ्यो। अधिकारी माघ ६ गते जिल्ला अदालतमा १ लाख ५० हजार रुपैयाँ धरौटी बुझाएर रिहा भए। वकपत्रमा जाहेरवाला उपस्थित नभएपछि प्रक्रिया अगाडि बढन् नसकेको जिल्ला सरकारी वकील कार्यालयका सूचना अधिकारी बसन्त अर्यालले बताए।

पोखरा-२६ भण्डारढीकका ३६ वर्षीय नारायण परियारलाई २०७९ फागुन २५ गते ब्रतबन्धको भोजमा जातीय विभेद गरेको भन्दै माछापुच्छ्रे गाउँपालिका-५ रिभानका वडा सदस्य ३९ वर्षीय रामजीप्रसाद लामिछाने, ३५ वर्षीय सुजन लामिछाने, ३१ वर्षीया सरिता लामिछाने र ३८ वर्षीय सन्तोष परियार विरूद्ध पीडितले चैत ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितमध्ये सुजन लामिछाने र सन्तोष परियारलाई चैत १८ गते घरबाटै र रामजीप्रसाद लामिछाने र सरिता लामिछानेलाई चैत १९ गते पोखरा-४ गैहृपाटनबाट गिरफ्तार गरी अनुसन्धान सुरू गरेको जिल्ला प्रहरी कार्यालय कास्कीका इन्स्पेक्टर ज्ञानबहादुर खड्काले बताए। फागुन २५ गते सन्तोष परियारको घरमा ब्रतबन्धको भोजमा जात अनुसारको फरक फरक भान्सा राखेकोमा आफु थाहा नभएर ब्राम्हण जातिको भान्सामा जान लाग्दा दलितले भान्सा छोएको भनेर खानाहरू घोप्टाएर जातीय विभेद गरेको भन्दै कारबाहीको माग गर्दै परियारले प्रहरीमा उजुरी दिएका हुन्।

### लमजुङ

सुन्दरबजार नगरपालिका- १ का २३ वर्षीय अभिनास अच्छामी र २५ वर्षीय सुरेश ठडाराईलाई सुन्दरबजार नगरपालिका- १ विजयपुर स्थित शिव मन्दिरमा फागुन ६ गते महाशिवरात्रीको अवसरमा आयोजित विशेष पुजाका क्रममा मन्दिरका मूल पुरोहित ६१ वर्षीय पुरुषोत्तम सोतीले टीका र प्रसाद वितरणमा जातीय दुर्व्यवहर गरे। गैरदलित भक्तजनहरुलाई पालैपालो टिका र प्रसाद वितरण गराएका पुरोहित सोतीले अछुत जातिकालाई आफूले टिका नलगाइ दिने भन्दै फरक व्यवहार गरेका थिए। पुजा कार्यक्रममा केही व्यक्तिको निधारमा टिका नदेखिए पछि पुरोहित सोतीले नै टिका लगाउन बोलाएका र दलित भन्ने थाहा पाएपछि टिका भुईंमा राखि दिएर सार्वजनिक स्थानमा नै अपमान गरेको उत्पीडित गाउँ सुधार समितिका अध्यक्ष ध्रुव विश्वकर्माले बताए। दुर्व्यवहार भए लगत्तै दलित समुदायका सदस्यहरुले विरोध गरेपछि स्थानीय प्रहरी प्रशासन, जनप्रतिनिधि, दलित समुदायका अगुवा विच छलफल गरिएको थियो। छलफलकै क्रममा मूलपुरोहितले माफी मागेपछि पुनः यस्तो विभेदपूर्ण व्यवहार नगर्ने भन्दै सहमति गरिएको वडाध्यक्ष कर्णबहादुर गुरुङले बताए।

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
**गण्डकी प्रदेशद्वारा प्रकाशित**
**सल्लाहकार** : शिव खकुरेल, **संयोजन/सम्पादन** : रेनुका वि.क., **व्यवस्थापक** : मधु पन्थी
पोखरा महानगरपालिका–८ ज्ञानकुञ्ज मार्ग, कास्की, फोन : ०६१–५३३३६६
**Email:** pokhara@insec.org.np, **Website:** www.inseconline.org